# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, भदौ २२ गते २०३८ साल (संख्या २२


श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

#### निजामती सेवा (अठारौं संशोधन) नियमावली, २०३८

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "निजामती सेवा (अठारौं संशोधन) नियमावली, २०३८" रहेका छ ।

(२) यो नियमावली २०३८ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम ५.३ मा संशोधन: निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५.३ को–

(१) उप-नियम (२) मा रहेको "१२०" भन्ने अङ्कहरूको सट्टा "एक सय पचास" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (५) मा रहेको "घर बिदाको" भन्ने शब्दहरूको सट्टा "घर बिदाबाट बढीमा एक सय बीस दिनसम्मको" भन्ने शब्दहरू राखिएका छन्

३. मूल नियमावलीको नियम ६.८ पछि देहायको नियम ६.९ थप गरिएको छः

"दुर्गम भत्ताका सम्बन्धमा कुनै पनि निजामती कर्मचारीले दुर्गम भनी तोकिएको स्थानमा बसी काम गरेको भएमा मात्र पाउने र पदस्थापना दुर्गम स्थानमा भएको तर काजमा वा अन्य रूपमा सुगम स्थानमा बसी काम गरिरहेको कर्मचारीले भने दुर्गम क्षेत्र भत्ता वा यस्तै अन्य सुविधा पाउनेछैन ।"

४. मूल नियमावलीको नियम ७.२ मा संशोधन : मूल नियमावलीको नियम ७.२ को सट्टा देहायको नियम ७.२ राखिएको छ :–

"७.२ स्वेच्छिक अवकाश : (१) बीस वर्षसम्म नोकरी गरिसकेका निजामती कर्मचारीलाई निजको इच्छा भएमा नियुक्ति गर्ने अधिकारीले नोकरीबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

(२) बीस वर्ष वा सोभन्दा बढी समयसम्म नोकरी गरिसकेका कर्मचारीले साठी वर्षको उमेर नपुग्दै अवकाश लिन चाहेमा सो उमेर पुग्ने मितिले जति वर्ष अघि अवकाश लिन चाहेको छ त्यति वर्षको निवृत्तभरण एकमुष्ट पाउनेछ । यसरी पाउने निवृत्तभरण सात वर्षको भन्दा बढी हुनेछैन ।

उदाहरणः– यस अनुसार त्रिपन्न वर्षसम्म उमेर पुगेकोले सात वर्षको, चवन्न वर्ष उमेर पुगेकोले ६ वर्षको र उनान्साठी वर्ष उमेर पुगेकोले एक वर्षको मात्र निवृत्तभरण एकमुष्ट पाउनेछ ।

(३) उप-नियम (२) बमोजिम अवकाश लिने कर्मचारीले पाउने निवृत्तभरणको हिसाब गर्दा निजको जम्मा नोकरी वर्षमा सोही उप-नियम बमोजिमको अवधि र सो अवधिमा ग्रेड वृद्धि पाउने भए सोसमेत थपी हिसाब गरिनेछ ।

(४) उप-नियम (२) बमोजिम कर्मचारीले जति वर्षको निवृत्तभरण अग्रिम रूपमा एकमुष्ट लिएको हो सो अवधि भुक्तान भएपछि यस परिच्छेद बमोजिम पाउने निवृत्तभरण पाउन थाल्नेछ ।

(५) यस नियमबमोजिम स्वेच्छिक अवकाश लिन पाउनेको संख्या प्रत्येक आर्थिक वर्षको निमित्त श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीमा नियम ७.४ क. थप: मूल नियमावलीको नियम ७.४ पछि देहायको नियम ७.४ क. थपिएको छः–

"७.४क. निवृत्तभरणमा वृद्धि: (१) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ निवृत्तभरण पाइरहेका व्यक्तिको पनि निजले खाई पाई आएको निवृत्तभरणको अङ्कमा सोही प्रतिशतको दुई तिहाईका दरले वृद्धि गरिनेछ।

उदाहरणको लागि:– कुनै श्रेणीको तलबको टाइम स्केलको शुरू अङ्क रू. २५५।– छ सोभन्दा एक तह माथिको अर्को श्रेणीको टाइम स्केलको शुरू अङ्क रू. ३७०।– छ। यस्तो स्थितिमा रू. २५५।– खानेको ३० प्रतिशतले र रू. ३७०।– खानेको २७ प्रतिशतले तलब बढेको खण्डमा २५५।– देखि माथि ३७०।– सम्म निवृत्तभरण पाउनेले पनि रू. ३७०।– खानेको तलबको वृद्धि प्रतिशतको दुई तिहाई अर्थात् निवृत्तभरणको १८ प्रतिशतले वृद्धि पाउँछ। यस अनुसार ३००।– निवृत्तभरण पाउनेको रू. ३५४।– हुन्छ।

(२) प्रचलित तलबको स्केलको न्यूनतम अङ्कभन्दा कम रकम निवृत्तभरण पाइरहेका व्यक्तिको निवृत्तभरणमा वृद्धि गर्ने प्रतिशत कायम गर्दा तलबको न्यूनतम स्केलमा भएको वृद्धिको प्रतिशतलाई नै आधार मानिनेछ।

उदाहरणको लागि:– सबैभन्दा तल्लो शुरू तलब अङ्क रू. २५०।– मा ३० प्रतिशतले तलब वृद्धि भएको छ, निवृत्तभरण भने सोभन्दा कम मासिक रू. ७५।– पाइरहेको छ भने त्यस्ता निवृत्तभरणवालाहरूलाई उक्त तलबको वृद्धि प्रतिशतको दुई तिहाई अर्थात् २० प्रतिशतका दरले खाई पाई आएको निवृत्तभरणको अङ्क रू. ७५।– मा रू. १५।– थप हुनेछ। अतः २५०।– र सोभन्दा कम निवृत्तभरण खाने जति सबैको यसै प्रकारले वृद्धि हुनेछ।

(३) उप-नियम (१) बमोजिम निवृत्तभरणमा वृद्धि गर्दा कसैको निवृत्तभरणको अङ्क साविकमा निजको भन्दा कम पाउने व्यक्तिको अङ्कभन्दा कम हुन जाने भएमा निजले पाउने अङ्क त्यस्तो व्यक्तिले पाएको अङ्कभन्दा कम हुनेछैन।

उदाहरणको लागि :– रू. १५०।– खाने सम्मलाई ४४.४४ प्रतिशत र रू. १५०।– भन्दा बढी खानेलाई ४०.४ प्रतिशत थपिएको छ भने यसबाट १५०।– खानेको ४४.४४ प्रतिशतले रू. ६६।६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

थप भै रू. २१६।६६ पुग्छ भने रू. १५१।– खानेको ४०.४ प्रतिशतले रू. ६१।– थप भै रू. २१२।– मात्र पुग्छ, यसमा रू. १५१।– खानेको १५०।– को भन्दा कम हुने भएकोले यस्तोमा रू. १५१।– खानेको पनि रू. २१६।६६ नै कायम गरिनेछ ।

(४) उप-नियम (१) बमोजिम निवृत्तभरणमा वृद्धि गर्दा नियम ७.४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) मा तोकिएको अङ्कभन्दा बढी हुने गरी वृद्धि गरिनेछैन ।

६. मूल नियमावलीको नियम ७.५ मा संशोधन : मूल नियमावलीको नियम ७.५ को उप-नियम (१) पछि देहायको उप-नियम (१क) थपिएको छः–

"(१क) निजामती कर्मचारीको विधवा पत्नीले निजको पति नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उप-नियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि दश वर्षसम्म निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

७. मूल नियमावलीको नियम ७.८ मा संशोधन : मूल नियमावलीको नियम ७.८ को–

(१) उप-नियम (१) मा रहेको "नब्बे प्रतिशत" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप-नियम (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः–

"(च) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कंदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च वापत निज बिरामी कर्मचारीले नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम"

(३) उप-नियम (२) मा रहेको "नौ महीना", "पन्ध्र महीना" र "अठार महीना" भन्ने शब्दहरूको सट्टा क्रमशः "बाह्र महीना", "अठार महीना, र "एक्काईस महीना" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-नियम (४क) को सट्टा देहायको उप-नियम (४क) राखिएको छः–

"(४क) निजामती कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भएमा यस नियमबमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्म बिल बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्बन्धित कर्मचारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्च माग गर्दा रोगको निदान (डाइगनोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेस्क्रिप्शन पनि पेश गर्नु पर्नेछ । यस उप-नियमबमोजिम पाउने उपचार खर्च एक पटकमा सम्बन्धित कर्मचारीको एक महीनाको तलबभन्दा बढी हुने छैन ।"

(५) उप-नियम (४क) पछि देहायको उप-नियम (४ख) र (४ग) थपिएका छन् :–

"(४ख) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई सल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शनबमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उप-नियम (२) बमोजिम कर्मचारीले पाउने रकममध्येबाट पाउनेछ ।

(४ग) उप-नियम (४क) र (४ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन ।"

(६) उप-नियम (७) मा देहायका प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर अस्थायी कर्मचारी नोकरीबाट अलग हुँदा भने यस नियमबमोजिम बाँकी रहेको उपचार खर्च लिन पाउनेछैन ।"

(७) उप-नियम (८) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "बाँकी भए जति पूरै रकम" भन्ने शब्दहरूपछि "र पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने त्यसमा अर्को दश प्रतिशत थप गरी हुन आउने रकम" भन्ने शब्दहरू थपिएका छन् ।

(८) उप-नियम (८) पछि देहायको उप-नियम (८क) थपिएको छः–

"(८क) कुनै निजामती कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उप-नियम (८) अनुसार पाउने उपचार खर्च पाउने छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उप-नियम (१०) पछि देहायको उप-नियम (११), (१२), (१३) र (१४) थपिएका छन्:-

"(११) दश बर्ष सेवा अवधि नपुगेको कुनै निजामती कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिंदा उप-नियम (२) मा तोकिएको रकमलाई दश वर्ष नोकरी गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

तर उप-नियम (१२) को खण्ड (क) र (ख) को अवस्थामा निजले काम गरिसकेको अवधिको हिसाबबाट नपुग भएमा निजलाई उप-नियम (२) मा तोकिए बमोजिमकै रकम दिन सकिनेछ ।

(१२) कुनै पनि निजामती कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्तसमेत गरेर एक वर्षमा निजले खाई पाई आएको डेढ महीनाको तलब बराबरको रकमभन्दा बढी उपचार खर्च दिइनेछैन ।

(क) यस नियमबमोजिम विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा ।

(ख) उप-नियम (४ख) बमोजिम परिवारलाई उपचार गराउँदा ।

(१३) यस नियमबमोजिम निजामती कर्मचारीले पाएको उपचार खर्चको विवरण खर्च लेख्ने कार्यालयले कर्मचारीको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ । साथै त्यस्तो विवरण सम्बन्धित विभागमा पनि पठाउनु पर्नेछ र सम्बन्धित विभागले त्यसको अभिलेख अद्यावधिक बनाई राख्नु पर्नेछ ।

(१४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी स्वास्थ्य उपचारको दृष्टिकोणले ज्यादै नै पिछडिएको भनी तोकिदिएका जिल्लाका कर्मचारीलाई लागेको रोग स्थानीय स्वास्थ्य सुविधाबाट उपचार हुन नसक्ने र निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेको छ भनी सो जिल्लाको स्वास्थ्य केन्द्रको प्रमुखले सिफारिश गरेमा उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजीकको नेपाल अधिराज्य-भित्रको अरू कुनै अस्पतालमा लैजाँदा लाग्ने खर्च श्री ५ को सरकारले व्यहोर्नेछ ।"

८. मूल नियमावलीको नियम ७.९ मा संशोधन : मूल नियमावलीको नियम ७.९ को सट्टा देहायको नियम ७.९ राखिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"७.६ नोकरी अवधिको गणना : (१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा देहायबमोजिम सरकारी सेवा वा पदमा गरेको नोकरी अवधिलाई गणना गरिनेछः—

(क) निजामती वा अरू जुनसुकै सरकारी सेवा वा पदमा स्थायी नियुक्ति भै सरकारी नोकरी गरेको जम्मा अवधि (बीचमा टुटेको भए सो टुटेको अवधि कटाई),

(ख) विकासको पदमा २०२३।१०।१४ भन्दा अघि नियुक्ति भई त्यस्तो पदमा गरेको सेवालाई अविच्छिन्न राखी स्थायी तर्फको सेवामा आएका कर्मचारीले विकासतर्फको पदमा गरेको सेवा अवधि (६ महीनाको अस्थायी पदमा नियुक्ति भएको र अर्काको पदाधिकार रहेको पदमा नियुक्ति भै काम गरेको अवधि बाहेक) ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति निजामती पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिने छ ।

(३) उप-नियम (१) अनुसार गणना गर्दा सस्पेण्डमा रहेको अवधिलाई समेत गणना गरिनेछ । तर असाधारण बिदा बसेको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछैन ।"

६. मूल नियमावलीको नियम ११.१७ मा संशोधन : मूल नियमावलीको नियम ११.१७ को सट्टा देहायको नियम ११.१७ राखिएको छः—

'११.१७ दशैं खर्च पाउने : (१) निजामती कर्मचारीले खाई पाई आएको एक महीनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिन अगाडि दशैं खर्चको रूपमा पाउनेछ । दशैं खर्च दिंदा बडा दशैं-भन्दा अघिल्लो महीना भुक्तान भै नसके तापनि अघिल्लो महीनाको तलब समेत खर्च लेखी दिनु पर्नेछ ।

(२) अस्थायी कर्मचारीको हकमा घटस्थापनाको पन्ध्र दिन अगाडि ६ महीना सेवा अवधि पुगेको भए मात्र उप-नियम (१) बमोजिम दशैं खर्च दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।